महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ सङ्ख्याः ४ मितिः २०७७।०९।११

## भाग –२

महाभारत गाउँपालिका

# <u>ब्याकहो लोडर र स्काईभेटर सञ्चालन कार्यविधि - २०७५</u>

यस महाभारत गाउँपालिकाले नेपालको संबिधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधीनमा रही स्थानीय सरकार भई काम गरिरहेको छ । संबिधानले तोकेको अधिकार क्षेत्रभित्र रही यस गाउँपालिकाले सेवा ग्राहीलाइ सेवा प्रवाह गर्ने कार्यको नियमवन गर्नुका साथै बिभिन्न बिकास निर्माणको कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाइ रहेको छ । नेपालको संबिधानको अनुसूचि ८ अनुरुपको व्यबस्था र स्थानीय तहमा बजेट तर्जुमा ,कार्यान्वयन आर्थिक व्यवस्थापन

तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४मा ब्यवस्था भए बमोजिम अधिकार प्रयोग गरी यस गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहोलेडर र स्काभेटरमा सञ्चालन एबं भाडामा उपलब्ध गराउन महाभारत गाउँपालिका ब्याकहुलोडर र स्काभेटर सञ्चालन,व्यबस्थापन तथा नियमन कार्याबिधि बनाई लागु गर्न बान्छनीय देखिएकोले गाउँकार्यपालिकाबाट स्वीकृत गरी लागु गरीएको छ ।

१.सङ्क्षिप्त नाम तथा प्रारम्भ :यो कार्याबिधिको नाम ब्याकहोलोडर र स्काभेटर कार्यबिधि २०७४ रहेको छ।

२.**परीभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्याबिधिमा

(क**) "ऐन"** भन्नाले स्थानीय स्वायत्त शासन एन २०५५ लाई जनाउने छ ।

(ख)**नियमावली** भन्नाले स्थानीय स्वात्तय शासन नियमावली २०५६,स्थानीय निकाय आ.प्र नियमावली २०६४ समेतलाई जनाउने छ।

(ग) **"कार्यालय"** कार्यालय भन्नाले महाभारत गाउँपालिका कार्यालयलाई सम्झनु पर्नेछ ।

(घ**) "भाडा"** भन्नाले ब्याकहुलोडर र स्काभेटर भाडामा उपलब्ध गराउने निर्धारण गरीएको दर रेटबाट आउने रकमलाई सम्झनु पर्नेछ ।

(ङ.)"**प्रयोगकर्ता"** भन्नाले ब्याकहोलोडर सञ्चालनको लागी जाने सङ्घ सस्था ब्यक्ति वा सरकारी निकाय सम्झनु पर्नेछ ।

(च)"**बिल"** भन्नाले ब्याकहोलोडर सञ्चालन गरोको अपरेशन लगसिटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महशुल बिललाई सम्झनु पर्दछ ।

(छ) **"अपरेटर"** भन्नाले ब्याकहोलोडर सञ्चालनगर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ । साथै हेल्पर भन्नाले ब्याकहोलोडर र स्काभेटरको सञ्चालन गर्न खटाइजाने र रेखदेख गर्ने व्यक्तिलाई जनाइन्छ ।

**३.ब्याकहोलोडर र स्काभेटर भाडामा उपलब्ध गराउने सम्बन्धमा :**

३.१ गाउँपालिकाको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई ब्याकहोलोडर खाली रहको बेलामा गाउँपालिकाको कार्यलयमा बाधा नपर्ने गरी गाउँपालिकाले तोके बमोजिमको भाडा लिई कुनै पनि ब्यक्ति वा सङ्घ सस्थालाई ब्याकहोलोडर भाडामा उपलब्ध गराउन सक्नेछ ।

३.२ कुने पनि ब्यक्ति वा सङ्घ संस्थाले आफुलाई आवश्यक परेको ब्याकहोलोडर भाडामा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा सम्बन्धीत कार्यालयमा सम्पर्क राखि जानकारी लिनु पर्ने छ ।

३.३ भाडामा प्रयोग गर्न मागिएको ब्याकहोलोडर  र स्काभेटर माग गरीएको अवधीको लागि उपलब्ध गराउन सक्ने वा नसक्ने सम्बन्धमा सम्बन्धीत कार्यालयले प्रस्ट पार्नु पर्ने छ । निम्न परीस्थितिमा कार्यालयले ब्याकहोलोडर भाडामा उपलब्ध गराउन असमर्थ हुन सक्ने छ ।

(क) माग गरीएको ब्याकहोलोडर र स्काभेटर उपलब्ध नभएको अवस्थामा

(ख) माग गरिएको ब्याकहोलोडर र स्काभेटर कार्यलयको कार्य वा अन्य आकस्मिक कार्यको लागि stand by रहेको अवस्थामा

ग) माग गरेको ब्याकहोलोडर र स्काभेटर वा अपरेटरलाई जोखिम हुन सक्ने परीस्थिति रहेको अवस्थामा

घ) माग गरीएको ब्याकहोलोडर  र स्काभेटर चालु नरहेको अवस्थामा

३.४  भाडामा प्रयोग गर्न माग गरीएको  ब्याकहोलोडर माग गरीएको अवधीको लागि कार्यालयले गरेको अवस्थामा भएमा सम्बन्धीत ब्यक्ति वा सङ्घ सस्थाले संलग्न तोकिएको ढाचा बमोजिम नोवेदन दिनु पर्ने छ ।

३.५ ब्याकहोलोडर भाडामा प्रयोग गर्न उक्त ब्याकहोलोडरको तोकिएको भाडा दर बमोजिम प्रयोग कर्ताले प्रयोग गर्न चाहेको अवधीको लागि लाग्ने आवश्यक भाडा रकममा थप २५%  हुन आउने रकम कार्यलयले तोकिएको धरौटी खातामा जम्मा गरी बैंक भौचर पेस गर्नु पर्नेछ । कार्यालयल पनि भौचर प्राप्त भएपछि आम्दानी रसिद उपलब्ध गराउनु पर्नेछ । काबु बाहिरको परीस्थिति परी धरौटि खाता दाखिला गरी भौचर पेस गर्न नसक्ने अवस्था रहेमा कार्यालय प्रमुखले आम्दानी रसिदबाट नगदै बुझिलिई ब्याकहोलोडर उपलब्ध गराउन आदेश दिन सक्ने छ ।

यसरी नगदै जम्मा भएको रकम अर्को दिनमै धरौटि खातामा जम्मा गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

३.६  धरौटि जम्मा गरिसके पछी तोकिएको ढाँचा बमोजिम ब्याकहोलोडर चलान / सम्झौता फारम तैयार गर्नु पर्नेछ । उक्त फारम तयार गर्दा देहाय बमोजिमको गर्नु पर्नेछ ।

क) ब्याकहोलोडर चालन / सम्झौता फारम सम्बन्धीत आपरेटरलाई कार्यलयबाट दिने निर्देशन हुनेछ ।

ख) प्रयोगकर्ताले भाडा सञ्चालन गर्न चाहेको ब्याकहोलोडर समय र मिति खुलाई बुझिलिनु पर्नेछ ।

ग) भाडामा प्रयोग भएको ब्याकहोलोडर फिर्ता हदा समय र मिति खुलाई कर्मचारीले बुझिलिनु पर्नेछ ।
घ) कावु बाहेकको परिस्थीति बाहेक मेसिन जिम्मा लिई जाने पक्षको  कारणबाट मेसिन सञ्चालन नभए पनि उक्त सञ्चालन नभएको अवधीभर दैनिक आठ घण्टाको दरले हर्जना स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।
३.७  कार्यलयले भाडामा उपलब्ध गराउने ब्याकहोलोडर सञ्चालन तोकिएको ढाचा बमोजिमको अपरेसन लगसिट तोकिएको अधिकारीले प्रमाणित गरी सम्बन्धीत अपरेटरलाई उपलब्ध गर्नु पर्ने छ अपरेटरले पनि सोही लगसिटमा उपकरण सञ्चालन सम्ब्न्धी अभिलेख राख्नु पर्ने छ ।
३.८ ब्याकहोलोडर र स्काभेटर भाडामा प्रयोग गर्न  प्राप्त भएको निवेदन ,मेशिन चालन/ सम्झौता फारम र जारी गरीएको अपरेसन लगसिट कार्यलयले छुटाछुट्टै रजिष्टरमा दर्ता गर्नु पर्नेछ ।
३.९ ब्याकहोलोडर र स्काभेटर भाडामा प्रयोग गर्दा त्यसमा खपत हुने ईन्धन र सञ्चालनको लागि खटी जाने अपरेटरहरुको भ्रमण खर्च  नियामवली २०६४ अनुसार हुने सुबिधा सम्बन्धीत प्रयोग कर्ताले ब्यहोर्नु पर्नेछ ।
३.१० ब्याकहोलोडर र स्काभेटर भाडामा प्रयोग गर्दा कार्यलयबाट काम गर्ने साइट सम्म लैजाने र काम समाप्त भए अनुसार सुरक्षित तवरले कार्यलयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेबारी सम्बन्धीत प्रयोगकर्ताको हुनेछ ।
३.११ ब्याकहोलोडर र स्काभेटर भाडामा प्रयोग भएको अवस्थामा बिग्रन गए मर्मत गर्नु परेमा सम्बन्धीत अपरेटर कार्यालयमा आई मर्मत आवेदन फारम भर्नु पर्नेछ । यदी अपरेटर आउन सम्भव नभएमा कार्यालयले उक्त ब्याकहोलोडर मर्मत गर्ने खटाउने मेकानिकले नै सम्बन्धीत अपरेटरसँग समन्वय राखी मर्मत बितरण आवेदन फारम भर्नुज पर्ने छ । यसरी  ब्याकहोलोडर बिग्रन गई सञ्चालन हुन नसकेको बिबरण अपरेसन लगसिटमा समेत जनाई प्रमाणित गर्नु पर्नेछ ।
३.१२ निर्धारित सम्झौता अवधीमा काम समाप्त हुन नसकी उक्त ब्याकहोलोडर पुनः भाडामा सञ्चालन गर्न म्याद थप गर्नुपर्ने भएमा म्याद समाप्त हुन आगावै प्रयोगकर्ताले कार्लयमा सम्पर्क राखी क्रमसङ्ख्या २ देखि ८ सम्मको प्रकिया पुनः पूरा गर्नु पर्नेछ ।
३.१३  ब्याकहोलोडर  र स्काभेटर भाडामा गर्दा उक्त उपकरण कार्यालयबाट  बाहिर निस्केको र कार्यलायमा फिर्ता भएको मिति र समय कार्यालयको गेटमा रहेको in-out रजिष्टरमा जनाई सम्बन्धीत अपरेटरको दस्तखत गराई तोकिएको अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

३.१४ ब्याकहोलोडर र स्काभेटर भाडा प्रयोग भई फिर्ता भएपछि सम्बन्धीत अपरेटरले उक्त उपकरण सञ्चालन भएको बिबरण सहितको अपरेसन लगसिट कार्यालयमा बुझाउनु पर्नेछ ।

३.१५  ब्याक हो लोडर  र स्काभेटर भाडा प्रयोग भई फिर्ता भएपछि अपरेसन लगसिट अनुसार तोकिएको ढाचामा बमोजिमको भाडा महशुत बिल तयार गर्नु पर्ने छ ।

३.१६ ब्याकहोलोडर र स्काभेटर भाडामा प्रयोग भई भाडामा महशुल बिल तयार भएपछि प्रयोग कर्ताले धरौटि रकम मध्यबाट भाडा महसुल बमोजिमको फर फारक गराउनु पर्दछ । विल रकम भन्दा धरौटी खातामा जम्मा भएको रकम अपुग भएमा प्रोगकर्ताबाट धरौटि खातामा रकम जम्मा गर्न लगाई फरफारक गराउनु पर्दछ ।
३.१७ ब्याकहोलोडर र स्काभेटर भाडामा प्रयोग भई भाडा महशुल बिल तयार भएपछि हुन आउने रकम सम्बन्धीत कार्यालयलर राजस्व शीर्षकमा जम्मा गर्ने ब्यवस्थित मिलाउनु पर्नेछ ।

३.१८ कार्यालयबाट ब्याकहोलोडर र स्काभेटर भाडामा उपलब्ध गराउँदा प्रयोगकर्ताले कार्यलयको ब्याकहोलोडर भाडामा सम्वन्धी तोकिएको नियम तथा शर्तहरुमा पालना गर्नु पर्नेछ ।

३.१९  (क) ब्याकहोलोडर र स्काभेटर सञ्चालन तथा व्यबस्थापन गर्न  सञ्चालन तथा व्यस्थापन समितिको मातहातमा रही खरिद ईकाईलाई जिम्मा दिईनेछ ।

जसमा

क.ब्याकहोलोडर र स्काईभेटर सञ्चालन तथा व्यबस्थापन समिति

१.संयोजक - श्री चेत कुमारी माझी

२.सदस्यहरु

श्री कान्छामान जिम्वा
श्री मिन बहादुर वाइवा
श्री ज्ञान बहादुर लामा
श्री दिलबहादुर वाइवा
श्री रबिन मोक्तान

श्री रमेश कुमार लुङ्गेली
श्री जगत बहादुर भोम्जन
श्री टंक बहादुर आले

ख. खरिद इकाई संयोजक - अध्यक्ष

२.पूर्वाधार विकास समितिको संयोजक - १ सदस्य

३. स्टोर किपर वा लेखा -१ सदस्य

४ ब्याकहोलोडर र स्काभेटर चालक -१ सदस्य

५. कार्याकारी अधिकृतले तोकेको थप एक जना सदस्य सचिव -१

(ख) चालक न्युनतम ब्याकहोलोडर र स्काभेटरलाई २/२ जना गरी जम्मा ४ जना हुने छन् । जसमा एक चालक एक सहचालक हुनेछ । ब्याकहोलोडर चालकले अनुमति पत्र अनिवार्य लिएको /अनुभव प्राप्त भएको /न्युनतम ८ कक्षा पास गरेको हुनुपर्छ ।

(ग) तलब भत्ता खरिद इकाईको सिफारिसमा गाउँपालिकाको बोर्डले गर्दछ ।

(घ) कार्यलयको लागि ब्याकहोलोडर प्रयोग गर्दा प्राविधिकले ईस्टिमेट बमोजिम लाग्ने समय र ईन्धन प्रयोग गरी सञ्चालन गरिनेछ । लगबुक ,खरिद इकाईको सिफारस प्राविधिक मूल्याङ्कनबाट भाडा रकम भुक्तानी गरिने छ ।

(ङ) ब्याकहोलोडर भाडामा दिदा निवेदन माग गरी न्युनतम प्रति घण्टा रु.१३००।- इन्धन VAT बाहेक साथै स्काभेटरको लागि न्यूनतम प्रति घण्टा रु.१८०० इन्धन VAT बाहेक भ्याट र तोकिएको इन्धनको रकम थप गरी प्राविधिक खरिद इकाईको सिफारिसमा शुल्क / राजस्व गाउँपालिकामा तिरे पछि भाडामा जान आदेश दिइनेछ । ब्रेकर लाँदा प्रति दिन रु.८०००।-

(च) यसरी भाडा दर कायम गर्दा बजारलाई हेरी पूर्ण मूल्याङ्कन गरिने छ । प्रति दिन ६ घण्टा भन्दा बढि सम्म काम लगाउदा ब्याकहोलोडर चालकलाइ रु ५०० सहचालकलाइ रु ४०० खाना खाजा खर्च दिइनेछ । स्काभेटरको हकमा चालकलाई

भाडामा लैजादा लैजाने ब्यक्ति वा संस्थाले दिनेछ । प्रति घण्टा रु.२०० र सहायक चालकलाई रु.५० खाना खाजा खर्च दिइनेछ ।

(छ) गाउँपालिकाको आफ्नो काममा प्राथमिकता दिइने छ । ब्रेकर लगाउँदा स्काभेटरको चार्ज प्रति घण्टा रु.५०० बढ्नेछ ।

(ज) सार्वजनिक बिदामा ब्याकहोलोडर प्रयोग गर्दा खरिद इकाई र कार्यकरी अधिकृतको सिफारिसमा दैनिक भ्रमण भत्ता ५०० र ४०० चालकलाई थप दिइने छ ।

(झ) समय गणना कार्यालय परीसरबाट प्रस्थान भएपछि गणना गरिन्छ ।

ञ ) ब्याकहोलोडर चालकको मासिक तलब रु.१२,०००।- (बाह्र हजार), सहचालकको तलब रु.४,०००(चार हजार)मात्र र स्काभेटर चालकको मासिक तलबरु.१२,०००(बाह्र हजार), सहचालकको तलब रु.५,०००(पाँच हजार ) मात्र हुनेछ ।

**अनुसूची - (क)**

ब्याकहुलोडर / स्काभेटर भाडामा लिने सम्बन्धीमा निवेदन पत्र

श्रीमान् संयोजक ज्यू मिति:

ब्याकहोलोडर / स्काभेटर व्यबस्थापन समिति

सि.न

...................................... कामको गाउँपालिकाको नियमानुसार निम्न लिखित ब्याकहोलोडर /स्काभेटर उल्लेखित समयको लागि उपलब्ध गरी दिनु हुन निवेदन गर्दछु ।

१. ब्याकहोलोडर / स्काभेटर

कार्यको विवरण स्थान सिफ्ट कहिले देखि अनुमानित कार्य

अवधी....................................................देखि ..................................सम्म
यस कार्यालयको नियमानुसार भाडा बिल प्राप्त भएपछि कट्टा हुने गरी हाल कार्यलयमा निर्धारित पेश्की(धरौटी) दिन र यसै साथ संलग्न निवेदकले पालना गर्नु पर्ने नियम तथा शर्तहरु पालना गर्न पर्ने नियम तथा शर्त पालना गर्न समेत मन्जुर गर्दछु ।

निवेदकको पूरा नाम ,ठेगाना :-

टेलिफोन न. :- निवेदक वा निजको

प्रतिनिधिको हस्ताक्षर

अफिसको कामको लागि मात्र

श्री लेखा शाखा ,

..........................................:: निम्न बमोजिममा रकम धरौटीमा लिनुहोला

भाडा दिनेको

विवरण

भाडा दर धरौटी राख्नु पर्ने अनुमातित रकम

प्रति घण्टा सिफ्ट

धरौटी बापत प्राप्त भएको रकम रु.

नगदी रसिद न.

पेस गर्ने कर्मचारी -

प्रमाणित गर्ने कर्मचारीको दस्तखत:-

# अनुसूची - (ख)
# चलान / समझौता फारम
# महाभारत गाउँपालिका

सि.न :

श्री......................

................................

...................................नम्बर .रजिष्ट्रेसन

.....................................................को.....................................................

श्री ..................................  .............................  ....................................

लाई........................................... देखी

..............सम्म ..........................सिफ्ट/घण्टा को लागि भाडामा दिइएको छ। उक्त ब्याकहोलोडर र स्काभेटरलाई तोकिएको समय भित्र यस कार्यालयमा फिर्ता ल्याउनु हुन सूचित गरीन्छ।

...........................................

कार्यालय प्रमुख

निबेदकको पालना गर्नु पर्ने नियम शर्तहरु पालना गर्ने गरी उपरोक्त विवरणको ब्याकहोलोडर र स्काभेटर बुझिलिए ।

दस्तखत:

समय:

मिति:

उपरोक्त बिबरणको ब्याकहोलोडर र स्काभेटर फिर्ता प्राप्त भयो ।
दस्तखत:

समय:

मिति:

# अनुसूची-(ग)
# महाभारत गाउँपालिका कार्यालय
## ब्याकहोलोडर र स्काभेटर मर्मत आदेश

श्री खरिद इकाइ , म.गा.पा

कि.मि घण्टा

| सि.न | विवरण | परीमाण | इकाई | अनुमानित रकम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | दर | जम्मा रकम | |
| | | | | | | |

.......................... .................................... ......................

अपरेटर कम्पनी फर्म खरिद इकाई

प्रमुख प्रशासकीय अधिकृत निवेदक लागत अनुमान संयोजक
प्रमाणित गर्ने तयार गर्ने सिफारिस गर्ने

अनुसूची ( घ )

ब्याकहोलोडर र स्काभेटर  महाभारत गा.पा

काभ्रेपलाञ्चोक

| मिति | कामको विवरण | | ब्याक होलोडर र स्काभेटरको कि.मि घण्टा | | काम गरेको | | ब्याक होलोडर र स्काभेटरको अवश्था | तैल्य पदार्थ | | अन्य | अपरेटर दस्तखत | प्रयोगकर्ताको दस्तखत | प्रमाणीत गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठाँउ | विवरण | देखि | सम्म | घण्टा | सिफ्ट | बिग्रेको विवरण | विवरण | परीमाण | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| तैल्य पदार्थ | किसिम | गियर आयल | ट्रान्मिसन आयल | | हाईड्रोलिक आयल | | ब्रेक आयल | | ब्रेक फ्यूल | | ग्रीज | अन्य | | |
| | | | | | | | | | | | | | | |

अनुसूची (ङ)
महाभारत गाउँपालिका
काभ्रेपलाञ्चोक

बिल नं

भाडा सम्झौता न.

| ब्याकहोलोडर /स्काभेटरको बिबरण | | लगसिट न. | भाडा विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सि.न | विवरण | | सिफ्ट | घण्टा | दर(रु) | भाडा रकम | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | जम्मा | | | | | | |

मिति　　　　　　　　　　सम्झौता मिति
भाडा लिनेको　　　　　　　ठेगाना

आज्ञाले
नवदीप राई
प्रमुख प्रशासकीय अधिकृत